# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१४ बारा, २०८३ असोज १० गते शनिबार / पूर्णिमा / नेपाल संवत् ११४६ / Saturday, September 26 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## लालबकैयामा हामफालेर सिम्रौनगढका एक युवक बेपत्ता



सिमरा,९ असोज/रौतहटको मौलापुर नगरपालिका( ४ स्थित लालबकैया पुलबाट शुक्रबार दिउँसो हामफालेका बाराका एक युवकको अवस्था अझै पत्ता लाग्न सकेको छैन । लालबकैया खोलाको पुलबाट हामफालेका बारा सिम्रौनगढ नगरपालिका( ११ कटहरियाका २७ वर्षीय सचिन्द्र यादवको अवस्था पत्ता लाग्न नसकेको हो ।

उपचारका लागि आफ्नो दाइ सिकिन्द्र यादवले चलाएको मोटरसाइकलमा बसेर रौतहटतर्फ जाँदै गरेका बेला सचिन्द्र पुलबाट एक्कासी खोलामा हामफालेका थिए । त्यसयता अज्ञात रहेका उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक वसन्त गौतमले बेपत्ता युवकको खोजी भईरहेको जानकारी दिनुभयो । इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भरत केसीको नेतृत्वमा १७ जना र सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश क्याम्प देवाही गोनाहीका सशस्त्र प्रहरी निरीक्षक दिलबहादुर नेपालीको नेतृत्वमा गोताखोरसहितको सात जना टोलीले खोजी गरिरहेको छ ।

बेपत्ता युवकको मानसिक अवस्था ठिक नभएको र पुलमा आएपछि अचानक मोटरसाइकलबाट उत्रिएर हामफालेको जानकारी बेपत्ता युवकका दाइ सिकिन्द्रले प्रहरीलाई दिनुभएको छ ।

## काँग्रेस जीतपुरसिमरा र कोल्हबी नगर समितिका पदाधिकारी निर्विरोध निर्वाचित

निजगढ, ९ असोज/नेपाली कांग्रेस जीतपुरसिमरा र कोल्हवी नगर समितिको पदाधिकारीहरु सर्वसम्मत चयन भएका छन ।

जीतपुरसिमरा उपमहानगरपालिकाको सभापतिमा रमेश पण्डित निर्विरोध निर्वाचित हुनुभएको छ । अर्का आकांक्षी छविलाल शर्माले उम्मेदवारी फिर्ता लिएर समर्थन जनाएसँगै पण्डित सभापतिमा निर्विरोध निर्वाचित हुनुभएको हो ।

पण्डित र शर्माले बिहीबार राति सभापतिमा मनोनयन दर्ता गराएका थिए । निर्वाचन कार्यतालिका अनुसार शुक्रबार बिहान ११:३० देखि मतदान गर्ने कार्यक्रम थियो । तर अन्तिम समयमा सहमति जुटाँउदै पण्डितलाई सभापतिमा निर्विरोध निर्वाचित गरिएको हो ।

समितिको पदाधिकारीमा पनि पण्डित पक्षकै सबै निर्विरोध भएका छन् । नगर उपसभापतिमा उदयबहादुर श्रेष्ठ, नगर उपसभापति (महिला) मा ज्ञानीदेवी पासवान, सचिवमा विनोद अधिकारी, सहसचिवमा दीपक दाहाल निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत सूर्यजीत सिंहले जानकारी दिनुभयो ।




समितिको सदस्यमा भने मनोनयन दर्ता गरेका दुवै समूहलाई मिलाएर १७ जनाको नाम घोषणा गरिएको छ ।

मोक्तान, नैना देवी, नारायणप्रसाद बराल, मनिष भट्ट, चोलेन्द्र कटुवाल, मनोज साह, इश्वरीप्रसाद पौडेल र मुरारीप्रसाद

सदस्य भने नगर समितिले मनोनित गर्ने बताइएको छ ।

निर्वाचित समितिका पदाधिकारी र सदस्यलाई नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुरले प्रमाणपत्र वितरण गरेका थिए ।

त्यसैगरी कांग्रेस कोल्हवी बाराको नगर समितिको तेस्रो अधिवेशनले वसन्त चौधरीलाई नगर सभापतीमा सर्वसम्मत चयन गरेको छ ।

कोल्हवी नगरपालिका( १ स्थित बीपी स्मृति भवनमा शुक्रबार सम्पन्न अधिवेशनले चौधरीको नेतृत्वमा नयाँ नगर कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

अधिवेशनबाट नगर उपसभापतीमा रविन्द्र चौधरी र महिला उपसभापतिमा गंगा सुवेदी चयन भएका छन् । त्यस्तै सचिवमा रामबाबु चौधरी, सह(सचिवमा वीरबहादुर लामा तथा

सदस्यमा सरस्वती कंडेल, रिया सापकोटा, नेहा अधिकारी, हुसेन आरा खातुन, गायत्री देवी, पासाङ माया जिम्वा, सावित्री देवी, तुलसा तिमल्सेना, दुर्गा देवी माझी मुसहर, मिनाकुमारी

तिमल्सेना निर्वाचित भएका छन् ।

नगर समितिमा कुल निर्वाचित हुनुपर्ने ५३ सदस्यमध्ये पाँच पदाधिकारीसहित २२ जनाको नाम निर्विरोध निर्वाचित गरेको हो । अन्य

कोषाध्यक्षमा रामेश्वर थापा सर्वसम्मत चयन भएका छन् ।

नगर कार्यसमिति सदस्यहरूमा गणेशराज भारती, सुभाष मैनाली,

बाँकी तेस्रो पेजमा

## निजगढको विवाद यथावत

निजगढ, ९ असोज/पदाधिकारी चयनमा उत्पन्न विवाद समधान हुन नसकेपछि नेपाली कांग्रेस निजगढको नयाँ कार्यसमितिका पदाधिकारीहरुको नाम आज पनि सार्वजनिक हुन सकेन ।

बुधबार भएको नगर अधिवेशनको बन्दसत्रमा नगर सभापतिमा पूर्व नगर उपसभापति ज्ञानबहादुर गोलेसहित पदाधिकारी र सदस्यहरुको नाममा सहमति भएको बताइए पनि महिला उपसभापती पदमा विवाद टुङ्गिएको छैन ।

महिला उपसभापती पदमा रुपा घलान र सोपिला स्याङ्तानले दाबी गर्दैआएका छन । स्रोतका अनुसार सुरुमा सभापती पदमा गोले, उपाध्यक्षमा चुडाबहादुर आचार्य, महिला उपसभापतीमा सोपिला स्याङ्तान, सचिवमा सुवर्ण लामा र सहसचिव पदको लागि उदयराज पाण्डेको नाममा सहमति भएको थियो । तर सभापती पदका आकांक्षी सूर्य घलान पक्षका आचार्यको स्थानमा दीप शाहीलाई उपसभापतीमा चयन गर्ने प्रस्ताव आएपछि महिला उपसभापती पदमा विवाद सृजना भएको हो ।

आचार्यको स्थानमा अर्को पक्षबाट दिप शाहीको नाममा आएपछि सभापतीका आकांक्षी घलानले महिला उपसभापतीमा रुपा घलानलाई अघि सार्नुभएको थियो । सोपिला र रुपाको नाममा सहमति हुन नसकेपछि निर्वाचन समितिलाई पदाधिकारीहरुको नाम सार्वजनिक गर्न समस्या परेको हो ।

नगर सभापतीमा सर्वसम्मत बन्नुभएका ज्ञानबहादुर गोलेका अनुसार सहमतिको लागि छलफल जारी रहेको र आजसम्ममा बाँकी पदाधिकारीहरुको नाम पनि सहमतिको आधारमा घोषणा गरिने छ ।

यसअघि नगर सभापती पदमा दाबी गर्दैआउनुभएका घलानले बारा क्षेत्र नम्बर १ 'क' को सभापती र उहाँको पक्षका केहीलाई नगर समितिको पदाधिकारीमा चयन गर्ने आश्वासनपछि सभापतीमा ज्ञानबहादुर गोलेको नाममा सहमति बनेको थियो ।

## अनुप-दिपनी मावि कोल्हबीको संस्थापक दम्पतीको सालिक अनावरण



जीयालाल चौधरी

कोल्हवी, ९ असोज/अनुप(दिपनी माध्यमिक विद्यालय कोल्हवी, बाराका संस्थापक अनुपराम चौधरी र दिपनी थरुनीको सालिक शुक्रबार एक कार्यक्रमबीच अनावरण गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष किशोरीप्रसाद चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेस प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह र संस्थापक दम्पतीका नाति विपिनबिहारीले संयुक्त रूपमा सालिक अनावरण गर्नुभएको हो ।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य त्रिलोकीप्रसाद चौधरी, कोल्हवी नगरपालिकाका नगर प्रमुख रामप्रसाद चौधरी, उपप्रमुख लक्ष्मीकुमारी चौधरी तथा कोल्हवी( १ का वडाध्यक्ष राजहरण चौधरीको उपस्थिति रहेको थियो ।

त्यस्तै कार्यक्रममा पूर्वमन्त्री अच्युत मैनाली, नागरिक उन्मुक्ति पार्टी नेपालका केन्द्रीय सदस्य भुवनप्रसाद चौधरी, कोल्हवी नगरपालिका शिक्षा शाखा प्रमुख मिश्रीलाल साहलगायत विभिन्न विद्यालयका प्रधानाध्यापक, पूर्वशिक्षक तथा स्थानीय शिक्षाप्रेमीहरूको कार्यक्रममा सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सपहीका प्रधानाध्यापक बाबुराम गिरि, मणि माध्यमिक विद्यालय थस्कौलका प्रधानाध्यापक जगदीश पण्डित, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय जुअवाका प्रधानाध्यापक नरेन्द्रकुमार चौधरी, खैरा स्कूलका प्रधानाध्यापक गजेन्द्र चौधरी, झुरझुर स्कूलका प्रधानाध्यापक युवराज मैनाली र बगेवा स्कूलकी प्रधानाध्यापक सरिता उप्रेतीलगायतको सहभागिता रहेको थियो ।

विद्यालयका संस्थापक अनुपराम चौधरी र दिपनी थरुनीको योगदानको स्मरण गर्दै उनीहरूको सम्मानमा सालिक स्थापना गरिएको विद्यालयले जनाएको छ । कार्यक्रममा पूर्वशिक्षक जगन्नाथ चौधरी र रतनप्रसाद चौधरीलगायतको पनि उपस्थिति रहेको थियो ।

## गौरीशंकर मावि निजगढ ८ को अभिभावक भेला स्थगित



निजगढ, ९ असोज/विद्यालय व्यवस्थापन समितिको नयाँ पदाधिकारी चयन गर्न निजगढ नरपालिका वडा नम्बर ८ स्थित गौरीशंकर माध्यमिक विद्यालयले आगामी असोज ११ गतेको लागि बोलाएको अभिभावक भेला प्रतिकुल मौसमका कारण स्थगित गरेको छ ।

विद्यालयका प्रधानाध्यापक बद्रीनारायण झाले हिजो एउटा सूचनामार्फत नयाँ विविस चयनको लागि

बाँकी तेस्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# राष्ट्रसंघमा वालेनको साहसिक पैरवी

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले शुक्रबार गरेको सम्बोधन नेपालको कूटनीतिक इतिहासमा एक साहसिक र सकारात्मक प्रस्थानविन्दु बनेको छ ।

हालैको विनाशकारी भोटेकोशी र त्रिशूली बाढीको पीडाका बीच न्यूयोर्क पुगेका युवा प्रधानमन्त्रीले विश्वमञ्चमा नेपालको दृष्टिकोणलाई जुन दृढताका साथ राख्नुभयो, त्यो अत्यन्तै प्रशंसनीय र महत्वपूर्ण छ । भाषणको सबैभन्दा बलियो र सकारात्मक पक्ष भनेको जलवायु न्यायको स्पष्ट र तार्किक प्रस्तुति हो ।


नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरेर पनि जलवायु परिवर्तनको सबैभन्दा ठूलो मूल्य चुकाउनु परिरहेको यथार्थ उहाँले निर्भीकताका साथ उजागर गर्नुभयो । “जलवायु न्याय राष्ट्रसंघीय दस्तावेजमा सुन्दर सुनिने वाक्यांश मात्र सीमित हुन सक्दैन“ भन्दै उहाँले धनी र औद्योगिक राष्ट्रहरूलाई उनीहरूको ऐतिहासिक जिम्मेवारी बोध गराउनु भएको छ

प्रधानमन्त्री शाहको यो शंबोधनको विषयमा नेपालमा ठुलै बहस भएको छ र उहाँको संबोधनको लगभग सबैले राम्रो भनेका छन् । प्रधानमन्त्री शाहले उठाएको नेपाल(भारत(चीन त्रिपक्षीय हिमालयन जलवायु संयन्त्र र ’हिमालयन ल्याबोरेटरी’ स्थापनाको प्रस्ताव क्षेत्रीय सहकार्य र दीर्घकालीन संकट समाधानका लागि व्यावहारिक र वैज्ञानिक देखिन्छ ।

उहाँले जलवायु वित्तमा पहुँच बढाउन र ’लस एन्ड ड्यामेज’ (हानि र नोक्सानी) कोषको प्रभावकारी कार्यान्वयनका लागि गरेको माग नेपालको पुनर्निर्माणका लागि आवश्यक र सान्दर्भिक छ।सम्बोधनको अन्त्यमा नेपाली भाषामा भगवान् पशुपतिनाथ र बुद्धको शान्तिको सन्देश प्रवाह गरेर उहाँले मौलिक सांस्कृतिक पहिचानलाई समेत विश्वमाझ स्थापित गर्नुभयो ।

परम्परागत र औपचारिक कूटनीतिभन्दा माथि उठेर नयाँ पुस्ताको जबाफदेहिता र साहस झल्काउने यो भाषणले विश्वसामु नेपालको बलियो उपस्थिति जनाएको छ । अब यो अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त प्रतिबद्धता र आवाजलाई वास्तविक सहयोग र परिणाममा बदल्न नेपालले ठोस कूटनीतिक सक्रियता देखाउनु आवश्यक छ र अब कार्यान्वयनको पाटो हेर्न अवश्यक छ ।

# जलवायु न्यायको पुकार




“तीन वर्षअघि नेपालबाट विश्वको छानो भत्किँदै छ । हिमाली क्षेत्रमा हिमनदी तीव्र गतिमा पग्लिने क्रममा रहेको चेतावनी दिएको थिएँ । केहीले त्यसलाई खतराको बढाइचढाइ गरिएको भन्दै बेवास्ता गरे तर हालैका दुःखद घटनाले देखाए झैँ प्रभावहरू धेरैले अनुमान गरेभन्दा चाँडो आइरहेका छन्, अझ गम्भीर हुँदै गएका छन् र अझ व्यापक रूपमा फैलिरहेका छन् ।”

संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभालाई सम्बोधन गर्दै महासचिव एन्टेनियो गुटेर्रेसले एउटा गम्भीर कुरा भन्नुभएको छ, “सबैभन्दा बढी प्रदूषण गर्ने र त्यसबाट सबैभन्दा बढी नाफा कमाउनेहरूले आफूले पुऱ्याएको क्षतिको क्षतिपूर्ति गर्न अझ धेरै काम गर्नु पर्छ । प्रदूषण गर्नेहरूले त्यसको मूल्य चुकाउनु पर्छ र उनीहरूलाई जवाफदेही बनाउन काम गरिरहेका नेता, सहर, नागरिक समाज र नागरिकलाई म भन्छु, तपाईंहरू इतिहासको सही पक्षमा हुनुहुन्छ। आफ्नो काम जारी राख्नुहोस् ।”

तीन वर्षअघि गुटेर्रेस आफैँ नेपाल भ्रमणमा आउनुभएको थियो । उहाँको त्यो भ्रमण जलवायु परिवर्तनसम्बन्धी २८ औँ विश्व सम्मेलनको पूर्वसन्ध्यामा थियो। त्यो बेला उहाँ अन्नपूर्ण हिमालको छेउ पुग्नुभयो र सचेत गराउने क्रममा त्यहाँबाटै पूरै विश्वका नेताहरूलाई भन्नुभयो, “यो पागलपन बन्द गर ।” अर्थात् उहाँले यो पूरै विश्वलाई विम्बात्मक शैलीमा गम्भीर सन्देश दिनुभएको थियो- औद्योगिक क्रान्तिको होडबाजी अर्थात् त्यसको पागलपनले गर्दा पृथ्वी अब तातिएर पनि उम्लिने बेला भइसकेको थियो। नभन्दै यसपालि भोटेकोशीले त्यसको गम्भीर परिणाम सारा विश्वलाई देखाइदिएको छ । त्योभन्दा धेरै नेपालले इतिहासमै सबैभन्दा ठुलो मानवीय मूल्य चुकाउनु परेको छ । यसपालि राष्ट्रसङ्घीय महासभामा फेरि गुटेर्रेसले मानवकृत्यजन्य जलवायु परिवर्तनका कारण नेपालले चुकाइरहेको चर्को मानवीय मूल्य र विश्वले तिर्नुपर्ने क्षतिभरणका विषयमा एक पटक गम्भीर विषय उठान गर्नुभएको छ । उहाँले उठाउनुभएको यो विषय केवल नेपाल जस्ता जोखिममा रहेका देशका लागि सहानुभूति वा समवेदना मात्रै होइन बरु सारा विश्वका लागि एउटा गम्भीर चेतावनी पनि हो ।

विश्वमा कैयौँ यस्ता देश छन्, जसको औद्योगिक क्रान्ति र अझ पनि जीवाश्म इन्धनको मूर्खतापूर्ण प्रयोगका कारण उत्सर्जित हरित ग्यासका कारण पृथ्वीको सतह मात्रै होइन, समुद्रसमेत तातिइरहेको छ । यसका कारण प्राकृतिक चक्रमा पटक पटक यस्ता आपत्विपत् आइरहन्छन् अनि त्यसको चर्को मूल्य भने नेपाल जस्ता देशले चुकाइरहनु परेको छ । यो यथार्थलाई विश्वका धनी देशले अझै स्वीकार गर्न सकेका छैनन् । विश्व तथ्याङ्कलाई आधार मान्ने हो भने नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा केवल ०.०२५ प्रतिशत मात्र योगदान गर्छ तर ‘जर्मनवाच’ को ‘ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स’ अनुसार नेपाल जलवायु परिवर्तनको अति जोखिममा रहेका शीर्ष १० देशको सूचीमा पर्छ। अर्थात् अरूले गरेको कृत्यका कारण हामीले अनाहकमा त्यसको मार खेप्नु परेको छ। गुटेर्रेसले भन्नुभए जस्तै नेपालका हिमाल मात्रै हिउँका थुप्रो वा चुचुरो होइनन्, यी भनेका विश्वकै छाना हुन् । यसले यो सिङ्गो पृथ्वीलाई शीतल प्रदान गर्दै आएका छन् । यी हिमाल भनेका आधा विश्वको जनसङ्ख्या र करोडौँ प्राणीजगत्का लागि पिउने पानीका आधार हुन् । सिँचाइका मुहानहरू हुन् । अर्थात् सिङ्गो पर्यावरणीय चक्रको विशाल छानो यिनै हिमालहरू हुन् । विश्वका सबैभन्दा अग्ला हिमशृङ्खलाहरू नेपालमै छन् । त्यसैले पनि पृथ्वीको तातोपनाले सिधा छुने भनेकै यिनै चुचुराका हिउँमण्डल हुन् तर विश्वको त्यही ‘पागलपन’ का कारण हाम्रा हिमालहरू निरन्तर निखिँदै जान थालेका छन् । सेता हिमचुचुराहरू अब हिउँ सकिएर काला हुन थालेका छन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को अध्ययन अनुसार हिन्दकुश-हिमालय क्षेत्रका हिमनदीहरू सन् २०११ देखि २०२० को अवधिमा त्यसअघिको दशकभन्दा ६५ प्रतिशत तीव्र गतिमा पग्लिएका छन् । विश्वव्यापी तापमान वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गरियो भने पनि यस क्षेत्रका एक तिहाइ हिमनदीहरू यसै शताब्दीको अन्त्यसम्ममा बिलाउने छन् । दुई डिग्री वा सोभन्दा बढी तापक्रम बढेमा दुई तिहाइ हिमनदीहरू लोप हुने जोखिम छ। तीमध्ये धेरै जसो हिममण्डल नेपालमै छन्। नेपालमा तीन हजार २५२ भन्दा बढी हिमनदी र दुई हजार ३२३ भन्दा बढी हिमताल छन् । तीमध्ये कम्तीमा २१ वटा हिमताल जुनसुकै बेला विस्फोट हुन सक्ने गरी अति जोखिमपूर्ण अवस्थामा छन् । प्रत्यक्ष असर मनाङ, मुस्ताङ, सोलुखुम्बुका स्थानीय समुदायले हिमताल फुट्ने र अचानक आउने बाढीका कारण गाउँका गाउँ विस्थापित हुनु परेको छ । भोटेकोशीको बाढी र त्यसपछिको क्षति त्यसकै कठोर झलक हो । जहाँ हामीले हजारौँ अमूल्य जीवन गुमाएका छौँ । कैयौँ भौतिक सम्पत्तिको क्षति बेहोरेका छौँ । हजारौँ जीवनको अझै अत्तोपत्तो छैन । एक युगमा हामीले भोगेको यो अहिलेसम्मको सबैभन्दा भयानक र दर्दनाक विपत् हो तर यो अब मात्रै प्राकृतिक विपत् रहेन; हामीले भोगेको क्षति र हिमालय क्षेत्रमा बर्सौंदेखि भइरहेको ‘मौन हलचल’ बाटै यस्तो स्थिति उत्पन्न भएको हो भनेर धेरै वैज्ञानिक अध्ययन अनि विश्लेषणले देखाइसकेका छन् ।

त्यसकारण पनि अब हामीले कत्ति पनि ढिला नगरेर भन्नु पर्छ- हामीले चुकाएको जीवनको मूल्य यो विश्वले तिर्नै पर्छ । त्यसको मूल्य मात्रै केही अर्ब वा खर्ब पैसा मात्रै होइन; बरु पृथ्वीलाई अझ तातो नबनाउने र हाम्रा हिमालका हिउँ बचाउने एउटा वाचा पनि हो । यही एउटा वैश्विक प्रतिज्ञाले नै हाम्रो जीवनको मूल्यलाई स्थापित गर्न सक्छ । त्यसैले हामीले महासचिव गुटेर्रेसले भने जस्तै राष्ट्रसङ्घमा मात्रै होइन, अबको डेढ महिनापछि हुने वैश्विक जलवायु सम्मेलनमा पनि भन्नु पर्छ- प्रदूषण गर्नेहरूले त्यसको मूल्य चुकाउनु पर्छ । यो एउटा क्षति हुने र त्यसको भरण गर्ने परम्परा मात्रै होइन; बरु अन्तर्राष्ट्रिय पर्यावरणीय कानुनको मूल मर्म र त्यसको कार्यान्वयनको एक बलियो प्रमाण पनि हुने छ ।

त्यसका लागि हामीसँग हामीले गुमाएका जीवनका सूची मात्रै छैनन्, हामीले भेट्न नसकेका प्रियजनका नामहरू मात्रै छैनन्, हामीसँग भोटेकोशीले खोसेका खर्बौंका भौतिक संरचना मात्रै छैनन्; बरु नेपाल अनि नेपालीले अनाहकमै माटोमा मिलाउनु परेका कैयौँ सपना छन् । भोटेकोशीसँगै बगेर आएका माटो र ढुङ्गाका अजङ्गका पहाडहरूसँगै उसले उप्काएका घाउका आला माम्राहरू पनि छन् । यी मात्रै हाम्रा भावना, समवेदना अनि मात्रै संवेगका कुरा होइनन्; अन्तर्राष्ट्रिय रूपमा नेपाल जस्तै देशका लागि न्याय पाउनुपर्ने गरी यही विश्वका नेताले हस्ताक्षर गरेका धेरै वैश्विक कानुन पनि छन् । जस्तो कि रियो घोषणा स्पष्ट रूपमा ‘प्रदूषण गर्नेले मूल्य तिर्नुपर्ने’ सिद्धान्तलाई स्थापित गरेको छ; जस अनुसार पर्यावरण नोक्सानी पुऱ्याउने पक्षले नै त्यसको नियन्त्रण र पुनर्स्थापनाको खर्च बेहोर्नु पर्छ । संयुक्त राष्ट्रसङ्घकै जलवायु परिवर्तनसम्बन्धी रूपरेखा ढाँचाको धारा ३.१ ले ‘साझा तर फरक जिम्मेवारी र आफ्नो क्षमता अनुसारको दायित्व’ भन्ने एउटा सिद्धान्त प्रतिपादन गरेको छ । यसको मर्म भनेको धनी र औद्योगिक राष्ट्रहरूले पर्यावरणीय चक्र नै बिथोल्ने गरी अधिक उत्सर्जन गरेकाले जलवायु वित्त उपलब्ध गराउने उनीहरूको मुख्य दायित्व हो भन्ने कुरा सम्झाउनु र त्यसलाई स्थापित गर्नु हो । त्यस्तै पेरिस सम्झौताको धारा ९ ले विकसित देशहरूले विकासोन्मुख देशलाई अनुकूलन र न्यूनीकरणका लागि वित्तीय सहायता प्रदान गर्नुपर्ने कानुनी र नैतिक प्रतिबद्धता जनाएको छ भने धारा ८ ले ‘हानि र क्षति’ को मुद्दालाई स्वीकार गरेको छ । यी सब अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कानुनहरू भनेका नेपालले आफ्नो अधिकारका लागि कसैसँग हात फैलाइरहनु पर्दैन भन्ने आधारहरू हुन् ।

जलवायु परिवर्तनको मुद्दा चाहिँ आफैँमा वैश्विक राजनीति हो । नेपाल जस्ता देशले यहीँनेर आफ्नो अधिकार स्थापित गर्ने कि सहयोगका हातहरू फैलाउने ? त्यसबारे प्रस्ट हुन जरुरी छ । अर्थात् यो महाविनाशकारी भोटेकोशी प्रलयपछि नेपाललाई एउटा यस्तो अवसर छ; जहाँबाट हामीले विश्वको दायित्व सम्झाउन सक्छौँ अनि नेपाल जस्ता देशका लागि अधिकार पनि स्थापित गर्न सक्छौँ ।

**साभारः गोरखापत्र**



किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ ।

# भोटेकोशी बाढी विश्वका लागि चेतावनी : प्रधानमन्त्री शाह

काठमाण्डौं,९ असोज/प्रधानमन्त्री वालेन्द्र शाहले भोटेकोशीमा आएको विनाशकारी बाढी नेपालका लागि मात्रै नभएर विश्वकै लागि चेतावनीको सन्देश भएको बताउनुभएको छ । संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सम्बोधन गर्दै प्रधानमन्त्री शाहले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढिरहेको जोखिमतर्फ विश्व समुदायको ध्यानाकर्षण गराउनुभएको हो ।

उहाँले भोटेकोशी बाढीले ठूलो जनधन, पूर्वाधार, जलविद्युत् तथा जनजीवनमा क्षति पुर्‍याएको उल्लेख गर्दै हिमाली क्षेत्रमा यस्ता विपद्को जोखिम अझ बढिरहेको बताउनुभयो । प्रधानमन्त्री शाहले भोटेकोशी विपद् नेपालले निम्त्याएको नभएको स्पष्ट गर्दै जलवायु परिवर्तनको असर न्यून योगदान गर्ने देशहरूले समेत असमान रूपमा भोग्नुपरिरहेको धारणा राख्नुभयो ।

उहाँले हिमाली क्षेत्रमा तापक्रम वृद्धि, हिमनदी पग्लिने क्रम र त्यसबाट सिर्जना हुने जोखिमप्रति अन्तर्राष्ट्रिय समुदाय गम्भीर हुनुपर्ने बताउनुभयो । नेपालले जलवायु परिवर्तनमा न्यून योगदान गरे पनि यसको असर भने गम्भीर रूपमा भोगिरहेको प्रधानमन्त्री शाहको भनाइ छ ।

जलवायु न्याय, सहज र पहुँचयोग्य जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा विपद्पछिको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोगमा प्रधानमन्त्रीले जोड दिनुभयो । जलवायुजन्य विपद्को क्षति न्यूनीकरण गर्न पूर्वतयारी, सूचना प्रणाली र जोखिम व्यवस्थापनमा लगानी बढाउनुपर्नेमा प्रधानमन्त्रीले विश्वको ध्यानाकर्षण गराउनुभयो ।

प्रधानमन्त्री शाहले विश्वव्यापी आपूर्ति प्रणालीमा रहेको असमानतामाथि



प्रश्न उठाउँदै हतियार आपूर्तिका लागि विश्वसँग रहेको तीव्र र प्रभावकारी संयन्त्र किसानका लागि मल तथा इन्धन आपूर्तिमा भने कमजोर रहेको पनि बताउनुभयो । अन्तरमहादेशीय क्षेप्यास्त्र र राइफल तथा गोलाबारुद तोकिएको समयमा विश्वका जुनसुकै ठाउँमा पुग्ने तर नेपालका किसानले आवश्यक परेको बेला बजार मूल्यमा मल वा इन्धनसमेत पाउन नसक्ने अवस्था रहेको उहाँको भनाइ थियो ।

सम्बोधनमा प्रधानमन्त्री शाहले नेपालको पछिल्लो राजनीतिक परिवर्तन र लोकतान्त्रिक प्रक्रियाको विषय पनि उठाउनुभयो । उहाँले गएको फागुन २१ गते भएको प्रतिनिधिसभा चुनाव नेपालको इतिहासकै शान्तिपूर्ण र निष्पक्ष चुनाव भएको दाबी गर्नुभयो । चुनावपछि बनेको सरकारले सुशासन, सुधार र जनमुखी शासनलाई प्राथमिकतामा राखेको पनि उहाँले बताउनुभयो ।

सम्बोधनमा प्रधानमन्त्रीले विश्व शान्ति र कल्याणको कामना पनि गर्नुभएको छ । सम्बोधनको अन्त्यमा उहाँले भन्नुभयो, 'भगवान् पशुपतिनाथले विश्वको कल्याण गरुन् । यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस् ।'

## बागमतीनदीमा....

पासवानले बताउनुभयो । सर्लाहीमा बागमतीसहित लखन्देही, बाँके, फूलजोर, कालिन्जोर लगायतका खोलामा सामान्य बाढी आइरहेको छ ।

बाढी आउँदा चुरेभेगका खोलाबाट हुने पैदल आउजाउ र सवारी साधन पूर्णरुपमा ठप्प भएका छन् । सर्लाहीका प्रमुख जिल्ला अधिकारी (सिडिओ) विजयराज सुवेदीले शुक्रबार दिउँसोसम्म जिल्लाभरको अवस्था सामान्य रहेको गोरखापत्र अनलाइनलाई जानकारी दिनुभयो । दुई दिनदेखि लगातार झरी परिरहेको अवस्थामा शुक्रबार दिउँसोदेखि सर्लाहीमा पानी पर्नेक्रममा केही कमी आएको छ ।

## गौरीशंकरमावि...

आगामी असोज ११ गते आइतवार दिनको २ बजेको लागि आह्वान गरिएको अभिभावक भेला स्थगित गरिएको जानकारी दिनुभएको हो ।

सूचनामा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार मिति २०८३।०६।०९ देखि २०८३।०६।११ गतेसम्म नेपाल अधिराज्यभर भारी वर्षा हुने भएकोले मौसम प्रतिकुलतालाई मध्यनजर गर्दै अर्को सूचना प्रकाशित नहुन्जेलसम्मका लागि अभिभावक भेला स्थगित गरिएको जनाइएको छ ।

विद्यालयले विविस गठन प्रयोजनको लागि गत असोज २ गते दोस्रो पटक आह्वान गरेको भेला स्थगित गरेको हो ।

यसअघि विद्यालयले भदौं ११ गतेको सूचनामार्फत भदैं १८ गतेको लागि पहिलो पटक बोलाएको भेलामा पनि अभिभावकहरुको गणपुरक संख्या नपुगेपछि स्थगित गरिएको थियो ।

भेलाले विविसको लागि २ जना महिला र २ जना पुरुष गरी ४ जना सदस्यहरुको चयन गर्ने छ । अभिभावकहरुबाट चयन भएका ४ जना सदस्यहरुले शिक्षासेवी र चन्दादाता मध्येबाट थप २ जना सदस्य मनोनयन गर्ने र १ जना शिक्षक प्रतिनिधिसमेत गरेर जम्मा ७ जनाको समिति गठन हुने प्राबधान छ ।

सोही समितिले आफूहरुमध्ये विद्यालय व्यवस्थापन समितिको लागि १ जना अध्यक्षको चयन गर्नेछ ।

## काँग्रेसजीतपुरसिमरा...

रामाधार साह कानु, हरिवंश चौधरी, बालेश्वर चौधरी र विश्वनाथ राम चयन भएका छन् । ३० वर्षमुनिका सदस्यतर्फ रमेश खाँ र वसन्त चौधरी तथा दलित सदस्यतर्फ ललिताकुमारी राम चयन भएका छन् ।

नगर कार्यसमितिमा रहने दुई महिला सदस्य भने पछि चयन गरिने नवनिर्वाचित सभापति वसन्त चौधरीले जानकारी दिनुभएको छ ।

नगर समितिको नयाँ नेतृत्व चयनका क्रममा पार्टीभित्र सहमति र समन्वय कायम गर्न युवा नेता तथा युवा व्यवसायी हरेराम चौधरीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । नेतृत्वका विषयमा सहमति जुटाउन तथा विभिन्न पक्षबीच समन्वय गर्न चौधरीले सक्रियता देखाएको कांग्रेसका स्थानीय नेता तथा कार्यकर्ताहरूले बताएका छन् ।

युवा पुस्तामाझ समेत सक्रिय रहेका चौधरीले पार्टीको संगठनलाई बलियो बनाउन आपसी समझदारी र सहकार्य आवश्यक रहेकोमा जोड दिँदै अधिवेशनलाई सहमतिका साथ सम्पन्न गराउन पहल गर्नुभएको थियो ।

दर्ता नं. :- ९९०/०६७/०६८ प्यान नं.:- ३०४८४८०२७

## साना किसान कृषि सहकारी संस्था लि. करैयामाई-५, ढोढीया बारा

## विषय :- ऋण तिर्न आउने सम्बन्धी सार्वजनिक सुचना ।

यस संस्थाका तपसिल अनुसारका सदस्यहरुले यस संस्थाबाट ऋण लिई संस्थाको शर्त नियमावली अनुसार बुझाउन पर्ने सावा, व्याज समेत बुझाउन आउन पटक पटक लिखित, मौखिक तथा फोन सम्पर्क मार्फत अनुरोध गर्दा पनि नबुझाउने बाकी राख्ने हुनाले मिति २०८३/०६/०९ का यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क राखि सम्पुर्ण बाकि साँवा, व्याज र हर्जाना समेत बुझाउन ऋणी तथा धितो जमानी दिने समेतलाई यसै सुचना द्वारा सुचित गरिन्छ । उक्त तोकिएको म्याद भित्र साँवा व्याज नबुझाए मधेश प्रदेशको सहकारी ऐन २०७९ को परिच्छेद १३ का दफा ६९ को १ तथा यस संस्थाको कर्जा लगानी तथा असुलि कार्यविधि २०८१ को परिच्छेद ४ को दफा २५ संस्थामा राखेको धितो लिलामी कार्वाही अघि बढाई बाकि साँवा व्याज असुल उपर गरिने छ । यस बाट पनि बाकि साँवा व्याज असुल उपर हुन नसकेमा सहकारी ऐन नियमावली अनुसार ऋणीको जायजेथा चलअचल सम्पतिबाट पनि असुल उपर गरिने छ । साथै यसबाट पर्न गएको सामाजिक आँचमा संस्था जवाफदेहि नहुने समेत जानकारी गराउदछौं ।

| समुह नं. | ऋणीको नाम | ठेगाना | ऋणिको पतिको नाम | ऋणिको ससुराको नाम | साँवा | व्याज भदौ ३१ सम्म | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| दैनिक | बिजयलाल चौधरी | करैयामाई-७ | जितन चौधरी | रामलोचन चौधरी | १२,३३,२१६।- | ३,७३,३८५।- | १६,०६,६०१।- |
| दैनिक | पवन कुमार चौधरी | करैयामाई-७ | बिजयलाल चौधरी | जितन चौधरी | १०,०७,७६०।- | १,९२,९२०।- | १२,२९,०७०।- |
| दैनिक | अवदुल सलिम | पचरौता-८ | कर्मदिन मिया | करजन मिया | ५३,३१०।- | १२,२४०।- | ६५,५५०।- |
| दैनिक | बलिराम चौधरी | पचरौता-८ | रामऔतार चौधरी | राम प्रसाद चौधरी | १,५१,६२५।- | ३४,६८५।- | १,८६,३१०।- |
| दैनिक | अमोद प्रसाद महतो | पचरौता-९ | रामअयोध्या महतो | | ८२,९००।- | २८,१२०।- | १,११,०२०।- |
| दैनिक | ओसिम महमद | बारागढी-४ | दोषमहमद मिया छोवी | इगरत मिया छोवी | १,०६,५२९।- | ६५,२९६।- | १,७१,८२५।- |
| दैनिक | अमिर हुसेन | बारागढी-४ | इसरकिल मिया | गणिमहमद मिया | १,११,१२१।- | २५,४२१।- | १,३६,५४२।- |
| दैनिक | मोहमद तुफान हवारी | बारागढी-४ | दोषमहमद मिया छोवी | इगरत मिया छोवी | ७९९६०।- | ५०,३४५।- | १,३०,३०५।- |
| दैनिक | हसमुदिन आलम हवारी | बारागढी-४ | दोषमहमद मिया छोवी | इगरत मिया छोवी | ८१,३४३।- | ४२,०३४।- | १,०९,८०८।- |
| दैनिक | रमेश महरा चमार | पचरौता-८ | मजन महरा चमार | दुर्गा महरा चमार | ८७,३०२।- | २२,५०६।- | १,०९,८०८।- |
| दैनिक | रामप्रवेश साह कानु | पचरौता-८ | शुभनारायण सा. कानु | भदेशी साह कानु | १,११,५००।- | ६६,२४५।- | १,७७,७४५।- |


दर्ता नं. :- ९९०/०६७/०६८ प्यान नं.:- ३०४८४८०२७

## साना किसान कृषि सहकारी संस्था लि.

## करैयामाई-५, ढोढीया बारा

## बिषय :- धितो लिलामी सम्बन्धी सार्वजनिक सुचना ।

यस साना किसान कृषि सहकारी संस्था लि. तेतरिया, बाराबाट तपसिल अनुसारको व्यक्तिहरुले ऋण लिई ऋणको साँवा, व्याज, हर्जाना पटक पटक लिखित तथा मौखिक जानकारी गराउदा पनि सम्झौता अनुसार भुक्तानी नगरेकोले प्रचलित सहकारी ऐन, नियमावली, संस्थाको बिनियम तथा ऋण सम्झौता बमोजिम धितो राखिएको देहाय बामोजिमको सम्पति लिलामी बिक्रि गरिने भएकोले मिति २०८३/०६/०९ देखी मिति २०८३/०७/१५ गते भित्र इच्छुक व्यक्ति, फर्म बा संस्थालाई बोलकबोलमा सहभागि हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | ऋणीको नाम | पिता/पतिको नाम | बाजे/ससुराको नाम | हालको ठेगाना | बाकी सावा | बाकी ब्याज २०८३/०५/३१ सम्मको | कुल बाकी | लिलाम हुने धितोको बिवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जग्गाधनीको नाम | गा.बि.स./न.पा. | वडा नं. | कित्ता नं | क्षेत्रफल |
| १ | रिता देवी चौधरी | हरिशंकर प्रसाद चौधरी | कृष्ण प्रसाद चौधरी | करैयामाई-५ ,तेतरीया | ९,०१,९५६/- | २,७०,२८४/- | ११,७२,२४०/- | हरिशंकर प्रसाद चौधरी | तेतरीया | १<br>३ | १४<br>९७ | ०-१-५<br>०-४-२ |


# कोल्हबीमा करेन्ट लागेर एकजना बालकको मृत्यु

दुष्यन्त चौधरी

बारा, ९ असोज/बाराको कोल्हबी नगरपालिका( ३ जुगुवा टोलमा करेन्ट लागेर १० वर्षीय बालकको मृत्यु भएको छ ।

घटनामा चार जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी मीनबहादुर घलेका अनुसार शुक्रबार दिउँसो करिब १२ बजे स्थानीय श्याम रामका १० वर्षीय छोरा आकाश रामले आफ्नै घरमा टिभी चलाउन खोज्दा तार सर्ट भएर करेन्ट लागेको थियो ।

गम्भीर घाइते भएका आकाशलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया लैजाने क्रममा मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर



घलेकाअनुसार अस्पतालमा चिकित्सकले ईसीजी परीक्षणपछि उनको बाटोमै मृत्यु भइसकेको जनाएका थिए ।

करेन्ट लागेपछि उनलाई छुटाउन खोज्दा थप चार जना घाइते भएका थिए । मृतककी करिब ७० वर्षीया हजुरआमा ऐतबरिया, १२ वर्षीया दिदी निलम राम, स्थानीय पाचु रामकी ४० वर्षीया श्रीमती फूलकुमारी राम र बिगम शर्माकी ४१ वर्षीया श्रीमती अनिता शर्मा घाइते भएका हुन् ।

ऐतबरिया, निलम र फूलकुमारीको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । उनीहरूको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

घटनाबारे जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय कोल्हबीबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । घटनास्थल सुरक्षित राखी थप अनुसन्धान तथा मुचुल्काका लागि इलाका प्रहरी कार्यालय बारागढीबाट इन्स्पेक्टर सविनकुमार कार्कीको नेतृत्वमा टोली खटिएको डीएसपी घलेले जानकारी दिनुभएको छ ।

# जीतपुरबाट ८० ग्राम ब्राउन सुगरसहित दुई युवक पक्राउ



सिमरा, ९ असोज/सशस्त्र प्रहरीले बाराको जीतपुरबाट ८० ग्राम लागूऔषध खैरो हेरोइन -ब्राउन सुगर) सहित दुई जनालाई पक्राउ गरेको छ । औद्योगिक सुरक्षा बेस जीतपुरबाट खटिएको टोलीले जीतपुरसिमरा उपमहानगपालिका- ५ स्थित अशोक स्टील नजिकबाट उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पर्सा सखुवा प्रसौनी गाउँपालिका- ४ का २८ वर्षीय हुस नयन अंसारी र वीरगञ्ज महानगरपालिका- १४ का १८ वर्षीय राजन पासवान रहेका छन् । वीरगञ्जबाट पथलैयातर्फ आउँदै गरेको प्र.२-०३-००९प ३७५६ नम्बरको मोटरसाइकल उनीहरु सवार रहेका थिए

सशस्त्र पहरी बलको नेपाल इन्टेलिजेन्स व्यूरोको सूचनाको आधारमा उनीहरुलाई पक्राउ गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक बिक्रममणी अधिकारीले जानकारी दिनुभयो । उनीहरुलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिमरामा बुझाइएको छ ।

यसअघि प्रहरीले जीतपुरसिमरा- ८ गमरगाँवाबाट बिहीबार लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा ३६ वर्षीय जयनारायण चौधरी रहेका छन् ।

चौधरीलाई इलाका प्रहरी कार्यालय जीतपुरको प्रहरी टोलीले एक किलो सात सय ३० ग्रामसहित पक्राउ गरेको प्रहरी वरिष्ठ नायब निरीक्षक उमेश निरौलाले जानकारी दिनुभयो । चौधरीले गाँजालाई सानो पुरिया बनाएर बिक्री गर्दै आएका थिए । उनको साथबाट १५ वटा पुरियामा राखिएको तीन सय २० ग्राम र प्लाष्टिकमा राखिएको एक किलो चार सय १० ग्राम गाँजा बरामद गरिएको निरौलाको भनाइ छ । पक्राउ गरिएका साहलाई हिरासतमा राखेर कारवाही प्रक्रिया अघि बढाईएको प्रहरीले जनाएको छ ।

# वीरगञ्जमा वडा कार्यालयबाटै मालपोत कर सङ्कलन हुने




वीरगञ्ज, ९ असोज/वीरगञ्ज महानगरपालिकाले नगरवासीलाई कर तिर्न सहज हुने गरी अब सम्बन्धित वडा कार्यालयबाटै मालपोत कर सङ्कलन गर्ने व्यवस्था लागू गरेको छ ।

महानगरपालिकाले जारी गरेको सूचनाअनुसार २०८३ असोज १२ गतेदेखि महानगरपालिकाका सबै वडा कार्यालयबाट अनिवार्य रूपमा मालपोत कर सङ्कलन गरिने व्यवस्था मिलाइएको छ ।

नगरवासीलाई घरदैलो नजिकैबाट सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने महानगरपालिकाको नीति अनुसार वडा कार्यालयबाटै मालपोत कर सङ्कलनको व्यवस्था गरिएको हो । यससँगै मालपोत कर बुझाउन महानगरपालिकाको कार्यालय धाउनुपर्ने बाध्यता हट्ने छ ।

महानगर प्रमुख राजेशमान सिंहले नगरवासीलाई सेवा लिन अनावश्यक झन्झट नहोस् र आफ्नै वडा कार्यालयबाट सहज रूपमा सेवा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले वडा तहबाटै मालपोत कर सङ्कलनको व्यवस्था गरिएको बताउनुभयो ।

उहाँले महानगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई सकेसम्म नगरवासीको घरदैलो नजिक पुऱ्याउने र सेवा लिनका लागि हुने समय तथा खर्चको बचत गराउनेतर्फ महानगरपालिका निरन्तर अघि बढिरहेको बताउनुभयो ।

अब नगरवासीले आफ्नै वडा कार्यालयबाट मालपोत कर बुझाउन सक्नेछन् । कर सङ्कलनका लागि आवश्यक व्यवस्था मिलाउन महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर बोहराले सबै वडा कार्यालयलाई निर्देशन दिनुभएको छ ।

प्रमुख प्रशासकीय अधिकृत बोहराले जारी गरेको सूचनामार्फत नगरवासीलाई सम्बन्धित वडा कार्यालयबाटै मालपोत कर बुझाउनसमेत आग्रह गरिएको छ ।

# बकैयाको सिमात खोलाले बगाउँदा ५० वर्षीय स्याङतानको मृत्यु

हटौडा, ९ असोज/मकवानपुर बकैया गाँउपालिकास्थित सिमात खोलाले बगाउँदा मकवानपुरगढी गाउँपालिका( १ का एक पुरुषको मृत्यु भएको छ ।

मकवानपुर प्रहरीका अनुसार बिहीबार साँझ करिब ५:०५ बजेको समयमा बकैया गाउँपालिका( ११ र मकवानपुरगढी गाउँपालिका( १ को सीमामा पर्ने सिमात खोलाको ढुङ्गाको बीचमा एउटा शव अड्किएको खबर प्राप्त भएको थियो ।

खबर प्राप्त भएपछि अस्थायी प्रहरी पोष्ट गरगरे र इलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो । प्रहरी टोली राति ८:५० बजे घटनास्थलमा पुगेर अनुसन्धान गर्दा मृतक मकवानपुरगढी गाउँपालिका( १ बस्ने करिब ५० वर्षीय श्यामबहादुर स्याङतान रहेको खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार स्याङतानलाई बकैया गाउँपालिका( ११ बाट आफ्नो घरतर्फ फर्किने क्रममा सिमात खोलाले बगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

प्रहरी र स्थानीयवासीको सहयोगमा खोलाबाट शव बाहिर निकालिएको थियो । घटनास्थलमा प्रारम्भिक अनुसन्धानको कार्य सम्पन्न गरी राति ९:३० बजे शव पोस्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एसपी भट्टराईद्वारा नेशनल मेडिकल कलेज वीरगञ्जको निरीक्षण

वीरगञ्ज, ९ असोज/पर्साका




प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईले नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगञ्जको निरीक्षण गर्नुभएको छ ।

अस्पतालका प्रबन्ध निर्देशक शाहनवाज अन्सारी तथा व्यवस्थापकीय टोलीले एसपी भट्टराईलाई स्वागत गरेको थियो । निरीक्षणको क्रममा एसपी भट्टराईले अस्पतालको क्लिनिकल सेवा, शैक्षिक पूर्वाधार, अत्याधुनिक सर्भर रुम तथा कन्ट्रोल रुमको स्थलगत अवलोकन गर्नुभएको थियो । उहाँले अस्पतालको स्वास्थ्य सेवा तथा शैक्षिक गतिविधिबारे जानकारी लिनुका साथै अस्पतालको समग्र सुरक्षा व्यवस्थापनबारे समेत छलफल गर्नुभएको थियो ।

सो क्रममा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह, मेडिकल शिक्षाका लागि सुरक्षित तथा अनुकूल वातावरण निर्माण र अस्पतालको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन सुरक्षा निकाय तथा स्वास्थ्य संस्थाबीच सहकार्य आवश्यक रहेको विषयमा सकारात्मक छलफल भएको जनाइएको छ ।

अस्पताल व्यवस्थापनका अनुसार भ्रमणले स्वास्थ्य संस्था र सुरक्षा निकायबीचको समन्वय तथा सहकार्यलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# बागमती नदीमा जलसतह बढेपछि सबै ढोका खोलियो

सर्लाही, ९ असोज/सर्लाही र रौतहटको सीमा भएर बग्ने बागमती नदीमा शुक्रबार साँझसम्म जल सतहको अवस्था सामान्य रहेको छ ।

शुक्रबार मध्यान्ह १२ बजेको मापनअनुसार बागमती नदीको जलसतह ३.९० मिटर मापन गरिएको छ । यसअघि गएको असार २९ गते पनि बागमतीमा अहिलेकै जति ३.९० मिटर जलसतह मापन गरिएको थियो

जल तथा मौसम विज्ञान विभागको पधेरादोभान जलमापन केन्द्रमा कार्यरत जलमापन सहायक (गेज रिडर) राजु पाटा मगरले बागमती नदीमा सामान्य बाढी आएको जानकारी दिनुभयो । दिउँसो बाढी बढे पनि खतरा नरहेको मगरले बताउनुभयो ।

भारी वर्षाको पूर्वानुमानपछि बागमती नदीस्थित बागमती ड्यामका सम्पूर्ण ३६ वटै ढोका खोलिएको बागमती सिँचाइ आयोजनामा कार्यरत विनोद पासवानले जानकारी दिनुभयो । उहाँका अनुसार ड्यामका सबै ढोका खोलेर सर्लाही तथा रौतहट दुवैतर्फको नहरका ढोका भने बन्द गरिएको छ ।

काठमाडौँलगायत पहाडी जिल्लामा निरन्तर वर्षा भइरहँदा बागमतीमा बाढी बढे पनि अवस्था सामान्य नै रहेको

बाँकी तेश्रो पेजमा

# सवारी चाप बढेपछि त्रिभुवन राजपथमा समय निर्धारण

हेटौडा, ९ असोज/काठमाडौं( हेटौंडा जोड्ने त्रिभुवन राजपथमा सवारीको चाप बढेपछि गाडी सञ्चालन गर्नेबारे नयाँ व्यवस्था लागु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रबार सूचना जारी गर्दै भारी वर्षाका बीच त्रिभुवन राजपथमा सवारीको चाप बढेको भन्दै त्यसलाई व्यवस्थित गर्न नयाँ व्यवस्था लागु गरेको जनाएको छ ।

प्रशासनको सूचना अनुसार आजका लागि त्रिभुवन राजपथ भएर हेटौंडा हुँदै काठमाडौं जाँदा चौकी टोलाबाट बिहान १० बजेदेखि २ बजेसम्म प्रवेश गरिसक्नु पर्ने छ ।

शनिबारका लागि बिहान ४ बजेदेखि बिहान ८ बजेसम्म र राति ११ बजेदेखि बिहान २ बजेसम्म चौकी




टोलाबाट प्रवेश गरिसक्नुपर्ने छ ।

त्रिभुवन राजपथ प्रयोग गरी काठमाडौंबाट हेटौंडा जाँदा शुक्रबारका लागि साँझ ७ बजेदेखि राति ११ बजेसम्म सिमभञ्ज्याङ चौकीबाट प्रवेश गरिसक्नुपर्ने छ ।

शनिबारका लागि भने दिउँसो १ बजेदेखि साँझ ५ बजे तथा आइतबारका लागि बिहान ७ बजेदेखि बिहान ११ बजेसम्म सिमभञ्ज्याङ चौकीबाट प्रवेश गरिसक्नुपर्ने छ ।

मालबाहक सवारी साधनको हकमा अर्को व्यवस्था नभएसम्मका लागि इन्धन तथा एलपी ग्यास बोकेका बाहेक अन्य १० चक्के लामा र १५ टन भन्दा बढी भारका मालवाहक सवारी साधनहरूलाई उक्त सडक खण्डमा पूर्णरूपमा निषेध गरिएको छ । यात्रुवाहक सवारी साधनका हकमा ११ मिटर लम्बाइसम्मका सवारीसाधनले मात्र उक्त राजपथ प्रयोग गर्न सकिने प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ ।

**बिल लिने र दिने बानी बसालौं**

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३